हिमालयन एभरेष्ट
इन्स्योरेन्स लिमिटेड

च. नं. २३९७।२०७९।०८०

मिति: २०८०।०१।१०

श्रीमान् कम्पनी रजिष्ट्रारज्यू,
कंपनी रजिष्ट्रारको कार्यालय,
त्रिपुरेश्वर, काठमाण्डौ ।

विषय: उनान्तिसौ वार्षिक साधारण सभाको काम कारवाहीको विवरण (माईन्यूट) पठाएको ।

उक्त सम्बन्धमा कंपनी ऐन २०६३ को दफा ८० (१) अनुसार निम्न अनुसारको २०७९ चैत्र २९ गते सम्पन्न कम्पनीको उनान्तिसौ वार्षिक साधारण सभामा उपस्थित शेयरधनीको संख्या २५० तथा शेयरको प्रतिनिधित्व ११७०२३४८ कित्ता भएको उनान्तिसौ वार्षिक साधारण सभाको काम कारवाहीको विवरण (माईन्यूट) म्याद भित्रै संलग्न पठाएको कुरा अनुरोध गर्दछु ।

ध्रुव प्रसाद न्यौपाने
कम्पनी सचिव

हिमालयन एभरेष्ट
इन्स्योरेन्स लिमिटेड

# उनन्तिसौं वार्षिक साधारण सभाको
## काम कारवाहीको विवरण (माइन्यूट)
## २०७९

जि. पि. ओ. बक्स नं. १४८,
टेलिफोन नं : ५२४५०९०, ५२४५०९१
फ्याक्स नं : ५२४५०९९
इमेल नं. **ktm@hei.com.np**
थापागाँउ, काठमाडौं, नेपाल ।

हिमालयन एभरेष्ट इन्स्योरेन्स लि. काठमाडौं

हिमालयन एभरेष्ट
इन्स्योरेन्स लिमिटेड

# हिमालयन एभरेष्ट ईन्स्योरेन्स लि.

थापागाँउ, जि.पि.ओ. बक्स १४८, काठमाण्डौं, नेपाल
फोन नं. ५२४५०९०, ५२४५०९१

मिति:२०८०/०१/०५/०३

विषय : काम कारवाहीको विवरण (माइन्यूट) पठाएको ।

श्री शेयरधनी महानुभावहरु,

वि. सं. २०७९ साल चैत्र २९ गते बुधवार तदनुसार सन् १२ अप्रिल २०२३ का दिन सम्पन्न यस कम्पनीको उनन्तिसौ वार्षिक साधारण सभाद्वारा पारित निर्णयहरु र काम कारवाहीको विवरण (माइन्यूट) जानकारीका लागि यसै साथ संलग्न गरी पठाएको ब्यहोरा अनुरोध गर्दछु ।

धन्यवाद ।

हिमालयन एभरेष्ट इन्स्योरेन्स काठमाण्डौं

भवदीय,

.....................
(ध्रुव प्रसाद न्यौपाने)
कम्पनी सचिव

## हिमालयन एभरेष्ट ईन्स्योरेन्स लिमिटेडको
## उनन्तिसौं वार्षिक साधारण सभाको
## काम कारवाहीको विवरण (माईन्यूट)

१. **बैधानिक सभा :**

हिमालयन एभरेष्ट ईन्स्योरेन्स लिमिटेडको उनन्तिसौं वार्षिक साधारण सभा संचालक समितिका अध्यक्ष श्री महेन्द्र कृष्ण श्रेष्ठज्यूको सभापतित्वमा निम्नलिखित मिति, स्थान र समयमा सुसम्पन्न भयो । सो सभाको सूचना, सभाको विषयसूची, उपस्थिति, गणपुरक संख्या, सभाको बैधानिकता, सभाको सभापतित्व, सभा संचालन तथा प्रतिवेदन प्रस्तुती, छलफलमा सहभागी, छलफलको क्रममा व्यक्त गरिएका मन्तव्य, प्रश्नोत्तर, सुझावहरु र सभाको निर्णयहरु समेतको काम कारवाहीको विवरण (माईन्यूट) कम्पनी ऐन, २०६३ को दफा ७५ वमोजिम देहाय अनुसार छन् ।

२. **सभाको मिति, स्थान र समय :**

२.१ मिति: २०७९ चैत्र २९ गते बुधवार (सन् १२ अप्रिल २०२३)
२.२ स्थान: वानेश्वर व्याङ्केट, थापागाँउ, काठमाण्डौ
२.३ समय: विहान ११:०० बजे

३. **सभाको सूचना :**

कम्पनी ऐन, २०६३ को दफा ६७(२) को व्यवस्था अनुसार कम्पनीको आर्थिक वर्ष २०७८/७९ को मुद्रित वार्षिक प्रतिवेदन लगायत उनन्तिसौं वार्षिक साधारण सभा हुने मिति, स्थान, समय र सभामा छलफल हुने विषयसूची समेत उल्लेख गरी शेयरधनी महानुभावहरुको मोवाईल तथा ईमेलमा विद्युतिय माध्यमवाट पठाउनुको साथै मिति २०७९/११/२८ र २०७९/१२/०३ गतेको दैनिक राष्ट्रिय पत्रिकाहरु क्रमश: "अभियान दैनिक" र "कारोवार दैनिक" मा तथा मिति २०७९/१२/०३ गतेको "कारोवार दैनिक" मा संक्षिप्त वित्तिय विवरण समेत सम्बन्धित सबैको जानकारीको लागि सो सम्वन्धी जानकारी तथा सूचना प्रकाशित गरिएको थियो ।

४. **सभाको विषयसूची :**

(क) **सामान्य प्रस्ताव**

(१) उनन्तिसौ वार्षिक साधारण सभामा संचालक समितिको तर्फवाट अध्यक्षज्यू द्वारा प्रस्तुत हुने आर्थिक वर्ष २०७८/०७९ को वार्षिक प्रतिवेदन छलफल गरी पारित गर्ने ।

(२) साविक हिमालयन जनरल ईन्स्योरेन्स कम्पनी लिमिटेडको लेखापरीक्षकको प्रतिवेदन सहित आर्थिक वर्ष २०७८/०७९ को वासलात, नाफा नोक्सान हिसाव, नगद प्रवाह विवरण, ईक्यूटीमा भएको परिवर्तन र तत्सम्वन्धि अनुसूचीहरु पारित गर्ने ।

(३) साविक एभरेष्ट ईन्स्योरेन्स कम्पनी लिमिटेडको लेखापरीक्षकको प्रतिवेदन सहित आर्थिक वर्ष २०७८/०७९ को वासलात, नाफा नोक्सान हिसाव, नगद प्रवाह विवरण, ईक्यूटीमा भएको परिवर्तन र तत्सम्वन्धि अनुसूचीहरु पारित गर्ने।

(४) संचालक समितिको सिफारिस वमोजिम चुक्ता पूंजी रु.२,२३,९९,३६,७००/- को २.७५ प्रतिशतले हुन आउने रु.६,१५,९८,३००/- को वोनश शेयर प्रदान गर्दा लाग्ने कर वापत चुक्ता पूंजीको ०.१४ प्रतिशतका दरले हुने रु.३२,४२,०१६/- नगद लाभांश प्रस्ताव गर्ने ।

(५) आर्थिक वर्ष २०७९/०८० को लागि लेखापरीक्षकको नियुक्ती र निजको पारिश्रमिक लेखापरीक्षण समितिले सिफारिस गरे वमोजिम अनुमोदन गर्ने । (हालका लेखापरीक्षक श्री एन.अमात्य एण्ड कम्पनी पुन: नियुक्तीको लागी योग्य हुनुहुन्छ)

(६) समूह "क" का संस्थापक शेयरधनीहरुको तर्फबाट संचालक समितिको प्रतिनिधित्व गर्ने संचालक पद ३ तथा समूह "ख" का शेयरधनीहरुको तर्फबाट संचालक समितिको प्रतिनिधित्व गर्ने संचालक पद २ को निर्वाचन सम्पन्न गर्ने ।

(७) विविध ।

काठमाण्डौ

(ख) विशेष प्रस्ताव

(१) संचालक समितिले सिफारिस गरे बमोजिम चुक्ता पूजी रु.२,२३,९९,३६,७००/- को २.७५ (दुई दशमलव सात पांच) प्रतिशतले हुन आउने रु.६,१५,९८,३००/- बरावरको वोनस शेयर जारी गर्ने । त्यसरी वोनस शेयर जारी गर्दा भिन्न अंकमा आउने शेयरलाई संस्थापक शेयर र सर्वसाधारण शेयरको अनुपात कायमै राखि नजिकको पुरा अंक कायम गर्ने साथै वोनश शेयर जारी गर्दा जारी तथा चुक्ता पूजी वृद्धि हुने भएबाट सोही अनुरुप प्रवन्धपत्र र नियमावलीमा संशोधन गर्ने ।

(२) विशेष प्रस्तावको संशोधनहरुबाट प्रवन्धपत्र र नियमावलीको संशोधनहरुमा नियमनकारी निकायहरुबाट कुनै फेरवदल, थपघट गर्न निर्देशन वा सुझाव भएमा सोही बमोजिम गर्न संचालक समितिलाई अख्तियारी प्रदान गर्ने।

(३) विविध ।

५. उपस्थिति :

५.१ संचालकहरुको उपस्थिति :

| | |
|---|---|
| १. श्री महेन्द्र कृष्ण श्रेष्ठ | अध्यक्ष |
| २. श्री विजित कृष्ण श्रेष्ठ | संचालक |
| ३. श्री अजय रत्न स्थापित | संचालक |
| ४. श्री हेम राज थापा | संचालक |
| ५. श्री राम प्रसाद खनाल | संचालक |
| ६. श्री भुवल राई | संचालक |

५.२ सल्लाहकार

| | |
|---|---|
| १. श्री राजिव सापकोटा | सल्लाहकार |
| २. श्री विजय कुमार पन्त | सल्लाहकार |

५.३ संचालकको अनुपस्थिति :

१. सबै संचालकहरुको उपस्थिति रहेको ।

५.४ पदाधिकारीहरुको उपस्थिति :

| | |
|---|---|
| १. श्री विजय वहादुर शाह | प्रमुख कार्यकारी अधिकृत |
| २. श्री कमल गौतम | वरिष्ठ उपकार्यकारी प्रमुख |
| ३. श्री अनिल कुमार शर्मा | निर्वाचन अधिकृत |

५.५ लेखापरीक्षक

| | |
|---|---|
| १. श्री नेमलाल अमात्य | लेखापरीक्षक |
| २. श्री मनीष अमात्य | लेखापरीक्षक |

५.६ कम्पनी सचिव

श्री ध्रुव प्रसाद न्यौपाने कम्पनी सचिव

५.४ शेयरधनीहरुको उपस्थिति :

| | |
|---|---|
| ५.४.१ स्वयम् उपस्थित संख्या | २१० (दुई सय दश) |
| ५.४.२ प्रोक्सी | ४० (चालिस) |
| ५.४.३ जम्मा उपस्थित संख्या | २५० (दुई सय पचास) |

हिमालयन एभरेष्ट इन्स्योरेन्स लि. काठमाण्डौं

६. गणपूरक संख्या :

| विवरण | संख्या | स्वयं उपस्थित | प्रोक्सी | जम्मा | शेयरको प्रतिनिधित्व प्रतिशत |
|---|---|---|---|---|---|
| शेयरधनीहरु | ३१००२ | २१० | ४० | २५० | ०.८१ |
| शेयर | २२३९९३६७ | ५६२८१४८ | ६०७४२०० | ११७०२३४८ | ५२.२४ |

७. साधारण सभाको बैधानिकता :

सभाको काम कारवाहीको प्रारम्भमा कम्पनी सचिव श्री ध्रुव प्रसाद न्यौपानेले कम्पनी र आफ्नो तर्फबाट कम्पनीको उनन्तिसौं वार्षिक साधारण सभामा भाग लिन उपस्थित सम्पूर्ण शेयरधनी महानुभावहरु तथा विभिन्न निकायहरुवाट पाल्नु भएका प्रतिनिधिहरुलाई हार्दिक स्वागत गर्नुभयो र कम्पनी ऐन, २०६३ को दफा ७३ तथा कम्पनीको प्रवन्धपत्र र नियमावली वमोजिम यो साधारण सभाको गणपूरक संख्या पुगेको र कानून अनुसार साधारण सभा वैधानिक भएको जानकारी गराउनु भयो ।

८. साधारण सभाको सभापतित्व र सभा संचालन :

सभाको बैधानिकता एकिन भएपछि कम्पनी ऐन, २०६३ को दफा ६९ वमोजिम कम्पनी ऐन, २०६३ को दफा ७४(१) मा व्यवस्था भए अनुसार संचालक समितिका अध्यक्ष श्री महेन्द्र कृष्ण श्रेष्ठज्यूको सभापतित्वमा सभा संचालन भयो । सभाको प्रारम्भमा सभापतिज्यूले उपस्थित सवैलाई स्वागत गर्दै सभाको काम कारवाही प्रारम्भ गर्नुभयो ।

९. उनन्तिसौ वार्षिक साधारण सभाको काम कारवाही प्रारम्भ:

सर्वप्रथम प्रमुख कार्यकारी अधिकृत श्री विजय वहादुर शाहले उनन्तिसौ वार्षिक साधारण सभामा उपस्थित सवै आमन्त्रित तथा शेयरधनी महानुभावहरुलाई स्वागत अभिवादन गर्नुभयो । वहाले मर्जरको सिनर्जी अनुसार उपलब्ध साधन, स्रोत र प्रविधिको उच्चतम प्रयोग गर्दै कर्मचारीको मनोवल उच्च वनाई कम्पनीलाई निर्जीवन वीमा क्षेत्रमै उत्कृष्ठ वनाउन प्रयास गरिने जानकारी गराउनु भयो ।

१०. कम्पनीको उनन्तिसौ वार्षिक प्रतिवेदन तथा प्रस्तावहरुको प्रस्तुति :

१०.१ सभाको सामान्य प्रस्ताव विषयसूची नं. (१) अनुसार सभाका सभापती श्री महेन्द्र कृष्ण श्रेष्ठज्यूले आर्थिक वर्ष २०७८/७९ को वार्षिक प्रतिवेदन सभा समक्ष प्रस्तुत गर्नु भयो ।

१०.२ सभाको सामान्य प्रस्ताव विषयसूची नं. (२) मा उल्लेख भए अनुसार लेखापरीक्षकको प्रतिवेदन सहित आर्थिक वर्ष २०७८/७९ को वासलात, नाफा-नोक्सान हिसाब, नगद प्रवाह विवरण तथा अनुसूची प्रस्तुत गर्नुभयो ।

११. छलफलको लागि आव्हान :

११.१ सभापतीज्यूले सभाको कारवाही अगाडि बढाउनु हुँदै माथि उल्लेख भएको सामान्य प्रस्ताव विषयसूची नं. (१), (२), (३), (४), (५), (६) र (७) तथा विषेश प्रस्ताव (१), (२) र (३) मा उल्लिखित विषय तथा प्रस्तावहरु उपर समेत छलफल तथा समुचित निर्णयको लागि उपस्थित शेयरधनी महानुभावहरुलाई अनुरोध गर्नुभयो ।

अध्यक्षज्यूले सवैवाट सहयोग, सद्भावना र मार्ग निर्देशनको अपेक्षा गर्दै भविष्यमा कम्पनीको विकासमा सवैको निरन्तर सहयोग हुने विश्वाशका साथ विषयसूचीमा प्रवेश गर्न आग्रह गर्नु भयो ।

११.२ शेयरधनी महानुभावहरु मध्येबाट श्री उध्धव प्रसाद घिमिरे, श्री चन्द्र नारायण श्रेष्ठ, श्री शत्रुघन श्रेष्ठ, श्री व्रम्हदेव शाक्य, श्री अमिर दास रंजित, श्री रोज कुमार श्रेष्ठ, श्री गुणराज भट्ट, श्री सुदिप श्रेष्ठ, श्री नरसिंह लाल च:खु, श्री ईन्द्र कृष्ण श्रेष्ठ, श्री निरुपमा गुप्ता, श्री सूर्य वहादुर खड्का, श्री लवराज जोशी, श्री शिव प्रसाद पौडेल, श्री उत्सव सुन्दर श्रेष्ठ र श्री डमरु वल्लभ घिमिरेले छलफलको क्रममा बोल्न नाम लेखाउनु भई वुदा नं. ११.३ अनुसार आ-आफ्नो मन्तव्य, जिज्ञासा तथा सुझावहरु व्यक्त गर्नुभयो ।

काठमाण्डौ

११.३ शेयरधनीहरुको मन्तब्य, जिज्ञासा तथा सुझावहरु :

- Return on Equity वढाउन पर्ने ।
- New Product ल्याउन पर्ने सुझाव व्यक्त ।
- लाभांस कम भएको विचार व्यक्त ।
- Investment Income वढाउन पर्ने सुझाव ।
- व्यवसायको वजार हिस्सा वढाउन सुझाव ।
- दावी भुक्तानी समयमै फर्छ्यौट गर्न आग्रह ।
- चुक्ता पूँजी पुऱ्याउने योजनाको माग ।
- वीमाको पहुंच वढाउन आग्रह ।
- मर्जर पछि सिनर्जी देखिने गरि काम गर्न आग्रह ।
- कर्मचारी तालिममा विशेष ध्यान दिन आग्रह ।
- प्रस्तावित वोनश शेयरको लागि धन्यवाद ।
- आगामी साधारण सभा समयमै सम्पन्न गर्न आग्रह ।
- आगामी वर्ष Double Digit मा वोनश शेयर तथा नगद लाभांस पाउने अपेक्षा ।
- यति एयरलाईन्स दुर्घटनावाट कम्पनीलाई पर्ने असरको माग ।
- कम्पनीको शाखा विस्तारलाई प्राथमिकता दिन आग्रह ।
- उनन्तिसौ वार्षिक साधारण सभाको सफलता तथा कम्पनीको उत्तरोत्तर प्रगतिको कामना ।
- नव वर्ष २०८० को शुभकामना व्यक्त ।

१२. सभापतीज्यूको प्रत्युत्तर :

१२.१ छलफलको क्रममा शेयरधनी महानुभावहरुले व्यक्त गर्नुभएको जिज्ञासा, मन्तब्य, सुझाव र सल्लाहलाई कम्पनीले सम्पत्तिको रुपमा ग्रहण गरेको सभापतीज्यूले जानकारी गराउदै धन्यवाद व्यक्त गर्नुभयो ।

१२.२ आगामी साधारण सभा समयमै गराउन प्रयास गरिने र शेयरधनीहरु लाई अधिकतम नगद लाभांस र वोनस शेयर दिन प्रयास गरिन साथै समय सिमा भित्रै वोनश शेयर मार्फत चुक्ता पूजी न्युनतम २ अर्व ५० करोड पुऱ्याईने जानकारी गराउनु भयो ।

१२.३ Investment Income वृद्धी गर्नेतर्फ ध्यान दिईने, शाखा विस्तार गरिने, कर्मचारी तालिमलाई समयसापेक्ष जानकारी शेयरधनीहरुलाई गराउनु भयो ।

१२.४ यस चालु आर्थिक बर्षको २०७९ चैत्र २८ गते सम्ममा २ अर्व २२ करोड ९४ लाख प्रिमियम संकलन र कूल लगानी ४ अर्व १९ करोडड भएको सभालाई जानकारी गराउनु भयो ।

१२.५ यति एयरलाईन्सको विमान दुर्घटना सम्वन्धमा पर्याप्त पूनर्विमा भएकाले नाफा नोक्सान हिसावमा उल्लेख्य प्रभाव नपर्ने जानकारी गराउनु भयो ।

१२.६ चालु वर्षको सुचकांक राम्रो रहेकाले आर्थिक वर्ष २०७९/८० को वित्तिय विवरणमा मर्जर पछिको सिनर्जी आउने विश्वाश दिलाउनु भयो ।

१२.७ रचनात्मक सुझावहरुलाई महत्व दिई समयानुकूल कार्यान्वयन गर्दै जाने विश्वाश दिलाउनु भयो ।

सभाको निर्णय :

१३. (क) साधारण प्रस्ताव :

१३.१ संचालक समितिको प्रतिवेदन पारित गर्ने :
उनन्तिसौं वार्षिक साधारण सभाको विषयसूची सामान्य प्रस्तावको नं. (१) को प्रस्ताव अनुसार संचालक समितिको तर्फबाट अध्यक्षज्यूले सभामा प्रस्तुत गर्नु भएको आर्थिक वर्ष २०७८/७९ को वार्षिक प्रतिवेदन उपर छलफल पश्चात् सर्वसम्मतिबाट पारित भयो ।

१३.२ लेखापरीक्षकको प्रतिवेदन सहित साविक हिमालयन जनरल ईन्स्योरेन्स कम्पनी लिमिटेडको आ. व. २०७८/७९ को वित्तिय विवरण पारित गर्ने :
उनन्तिसौं वार्षिक साधारण सभाको विषयसूची सामान्य प्रस्तावको नं. (२) को प्रस्ताव अनुसार साविक हिमालयन जनरल ईन्स्योरेन्स लिमिटेडको लेखापरीक्षकको प्रतिवेदन सहितको आर्थिक वर्ष २०७८/७९

एभरेष्ट इन्स्योरेन्स काठमाण्डौं

को वासलात, नाफा-नोक्सान हिसाब र नगद प्रवाह विवरण पारित होस भनी सभामा अध्यक्षज्यूले प्रस्तुत गर्नु भएको प्रस्ताव उपर व्यापक छलफल पश्चात् सर्वसम्मतिबाट पारित भयो ।

१३.३ **लेखापरीक्षकको प्रतिवेदन सहित साविक एभरेष्ट ईन्स्योरेन्स कम्पनी लिमिटेडको आ. व. २०७८/७९ को वित्तिय विवरण पारित गर्ने :**

उनन्तिसौं वार्षिक साधारण सभाको विषयसूची सामान्य प्रस्तावको नं. (३) को प्रस्ताव अनुसार साविक एभरेष्ट ईन्स्योरेन्स कम्पनी लिमिटेडको लेखापरीक्षकको प्रतिवेदन सहितको आर्थिक वर्ष २०७८/७९ को वासलात, नाफा-नोक्सान हिसाब र नगद प्रवाह विवरण पारित होस भनी सभामा अध्यक्षज्यूले प्रस्तुत गर्नु भएको प्रस्ताव उपर व्यापक छलफल पश्चात् सर्वसम्मतिबाट पारित भयो ।

१३.४ **चुक्ता पूंजीको ०.१४ प्रतिशतले हुन आउने नगद लाभांस रु.३२,४२,०१६/- कर प्रयोजनको लागि पारित गर्ने:**

उनन्तिसौं वार्षिक साधारण सभाको विषयसूची सामान्य प्रस्तावको नं. (४) को प्रस्ताव अनुसार संचालक समितिको सिफारिस वमोजिम आर्थिक वर्ष २०७८/७९ को मुनाफावाट हाल कायम रहेको चुक्ता पूंजी रु.,२२३,९९,३६,७००/- को ०.१४ प्रतिशतले हुन आउने नगद लाभांस रु.३२,४२,०१६/- कर प्रयोजनको लागि अध्यक्षज्यूले प्रस्तुत गर्नु भएको प्रस्ताव उपर छलफल पश्चात् सर्वसम्मतिबाट पारित भयो ।

१३.५ **आर्थिक वर्ष २०७९/८० को लागि लेखापरीक्षकको नियुक्ति तथा निजको पारिश्रमिक लेखापरीक्षण समितिले सिफारिस गरेकोलाई अनुमोदन गर्ने :**

उनन्तिसौ वार्षिक साधारण सभाको विषयसूची सामान्य प्रस्तावको नं. (५) को प्रस्ताव अनुसार आर्थिक वर्ष २०७९/८० को लागि कम्पनीको लेखापरीक्षकको नियुक्ति तथा निजको पारिश्रमिक लेखापरीक्षण समितिले सिफारिस गरेकोलाई अनुमोदन गर्ने प्रस्ताव उपर सभामा छलफल भई लेखापरिक्षक एन. अमात्य एण्ड कम्पनीका साझेदार श्री मनिष अमात्य, चार्टर्ड एकाउण्टेण्ट्सलाई नियुक्त गर्ने र कर लेखापरीक्षण समेतको लागि पारिश्रमिक रु.६००,०००/- (छ लाख मात्र) मु. अ. कर वाहेक प्रदान गर्न स्विकृत गर्ने निर्णय भयो ।

१३.६ **समूह "क" का संस्थापक शेयरधनीहरुको तर्फबाट संचालक समितिको प्रतिनिधित्व गर्ने संचालक पद ३ तथा समूह "ख" का शेयरधनीहरुको तर्फबाट संचालक समितिको प्रतिनिधित्व गर्ने संचालक पद २ को निर्वाचन सम्पन्न गर्ने:**

**समूह "क" संस्थापक शेयरधनीहरुको तर्फबाट संचालकमा निर्वाचित**

(१) ललितपुर महानगरपालिका, वडा नं. १३ भनिमण्डल, ललितपुर वस्ने श्री महेन्द्र कृष्ण श्रेष्ठ (पिताको नाम श्री राज कृष्ण श्रेष्ठ)

(२) ललितपुर महानगरपालिका, वडा नं. ५ जाउलाखेल, ललितपुर वस्ने श्री विजित कृष्ण श्रेष्ठ (पिताको नाम श्री विनोद कृष्ण श्रेष्ठ)

(२) श्री लक्ष्मि बैंक लिमिटेड, हात्तीसार काठमाण्डौको प्रतिनिधी ललितपुर महानगरपालिका, कुपण्डोल, ललितपुर वस्ने श्रीमती भारती पाण्डे (पतिको नाम श्री शुशिल प्रसाई)

**समूह "ख" सर्वसाधारण शेयरधनीहरुको तर्फबाट संचालकमा निर्वाचित**

(१) काठमाण्डौ महानगरपालिका, ज्याठा, छुस्यावहाल, काठमाण्डौ वस्ने श्री अजय रत्न स्थापित (पिताको नाम श्री सानु रत्न स्थापित)

(२) वुढिगंगा, वडा नं. २, वाजुरा जिल्ला वस्ने श्री हेम राज थापा (पिताको नाम श्री हंस वहादुर थापा)

एभरेष्ट इन्स्योरेन्स काठमाण्डौं

१३.७ विविध :

विषयसूची सामान्य प्रस्ताव नं. (७) को विविध शिर्षक अन्तर्गत स्वतन्त्र संचालक नियुक्ती गर्ने विषय वार्षिक साधारण सभाको विवरणमा समावेश गर्नुपर्ने गरी श्री कम्पनी रजिष्ट्रार कार्यालयको पत्रसंख्या २०७९/८० च. नं. १७७९ मिति २०७९/११/२९ को निर्देशनात्मक परिपत्र प्राप्त भएकोमा सो परिपत्र जारी हुनु भन्दा पहिलेनै अर्थात् संचालक समितिको मिति २०७९/११/२३ वैठक नं. ३०१ औ वैठकवाट वार्षिक साधारण सभाको विषयसूची पारित मिति २०७९/११/२८ को राष्ट्रिय दैनिक अभियानमा प्रकाशित गराई सकिएको हुँदा सोही व्यहोरा वार्षिक साधारण सभाको जानकारीमा ल्याई छलफल भई यस कम्पनीको स्वतन्त्र संचालक नियुक्तीको लागि संचालक समितिलाई सम्पूर्ण अख्तियारी प्रदान गर्ने निर्णय भयो ।

१४. (ख) विशेष प्रस्ताव :

१४.१ चुक्ता पूंजीको २.७५ प्रतिशतका दरले शेयरधनीहरुलाई वोनस शेयर प्रदान गर्ने र सोही अनुरुप प्रवन्धपत्र र नियमावलीमा संशोधन गर्ने :

उनन्तिसौ वार्षिक साधारण सभाको विषयसूची विशेष प्रस्तावको नं. (१) अनुसार संचालक समितिले सिफारिस गरे वमोजिम हाल कायम रहेको चुक्ता पूंजी रु.२,२३,९९,३६,७०० को २.७५ प्रतिशतले हुन आउने रु. ६,१५,९८,३००/- वरावरको वोनस शेयर जारी गर्ने । त्यसरी वोनस शेयर जारी गर्दा भिन्न अंकमा आउने शेयरलाई संस्थापक शेयर र सर्वसाधारण शेयरको अनुपात कायमै राखि नजिकको पुरा अंक कायम गर्ने । साथै वोनस शेयर जारी गर्दा चुक्ता पूंजी वृध्दी हुने भएवाट सोही अनुरुप प्रवन्धपत्र र नियमावलीमा संशोधन गर्ने सर्वसम्मतीवाट निर्णय भयो ।

१४.२ संचालक समितिलाई अख्तियारी प्रदान गर्ने:

उनन्तिसौं वार्षिक साधारण सभाको विषयसूचीको विशेष प्रस्तावको नं. (३) को प्रस्ताव अनुसार प्रवन्धपत्र र नियमावलीको संशोधनहरुमा नियमनकारी निकायहरुवाट कुनै फेर वदल थपघट गर्न निर्देशन वा सुझाव भएमा सोही वमोजिम गर्न संचालक समितिलाई अख्तियारी प्रदान गर्ने निर्णय भयो ।

१४.३ विविध :

विषयसूची विशेष प्रस्ताव नं. (३) को विविध शिर्षक अन्तर्गत कुनै विषय नभएको ।

१५. सभाको विसर्जन:

सभापतीज्यूले उनन्तिसौं वार्षिक साधारण सभामा सहभागी हुनु भएका सम्पूर्ण शेयरधनी महानुभावहरु तथा विभिन्न निकायहरुका आमन्त्रित प्रतिनिधीहरु समेत सवैलाई हार्दिक धन्यवाद ज्ञापन गर्नु भयो । साथै सवैलाई नव वर्ष २०८० को मंगलमय शुभकामना व्यक्त गर्दै छलफलका लागि अन्य कुनै विषय वांकि नरहेको हुंदा आजको उनन्तिसौ वार्षिक साधारण सभा अपरान्ह १.३० वजे सभा विसर्जन गर्नु भयो ।

(धुव प्रसाद न्यौपाने)
कम्पनी सचिव
मिति:२०८०।०१।०५

काठमाण्डौ

(महेन्द्र कृष्ण श्रेष्ठ)
अध्यक्ष